# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रेसुङ्गा नगरपालिका
## गुल्मी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रेसुङ्गा नगरपालिका
## गुल्मी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

रेसुङ्गा नगरपालिका

गुल्मी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ। एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन। अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**महालेखापरीक्षक**

२०८१ जेष्ठ

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश)

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. ५१

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,

रेसुङ्गा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

गुल्मी ।

## १. कैफियत सहितको राय

हामीले रेसुङ्गा नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. रेसुङ्गा नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ५ लाख ८० हजार बेरुजु देखिएको छ। बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २८ लाख ४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ४ लाख ९२ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६७ लाख २० हजार, पेस्की रु.५ लाख ६३ हजार रहेको छ। रेसुङ्गा नगरपालिकाको गतवर्ष सम्म रु.६ करोड ५९ लाख ६७ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.९ करोड ६५ लाख ४७ हजार रहेको छ। रेसुङ्गा नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने रेसुङ्गा नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)
नायब महालेखापरीक्षक

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | ३२ | ३०५८० | ० | ० | ० | ५५ | ३२ | ३०५८० | २८०४ | १६७२० | १०४९३ | ० | ० | ३००१७ | ५६३ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रेसुङ्गा नगरपालिका,गुल्मी | ६५९६७ | ० | | ६५९६७ | ० | ३०५८० | ९६५४७ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस रेसुङ्गा नगरपालिकामा १४ वडारहेको छ भने क्षेत्रफल ८२.७४ वर्ग किलोमिटर तथा ३१६७७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५। २० देखि २०८०।५।२५ सम्म रहेको छ

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजनतर्फ रु. राजश्वतर्फ रु. धरौटीतर्फ रु. अन्य कारोबारतर्फ रु. आय — व्ययतर्फ रु. ५३३९७९३.०, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. ५३३९७९३.० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २०४१२८। असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| विवरण | रकम |
|---|---|
| सामाजिक सुरक्षा मृत्यु तथा अन्य | ८५०३० |
| शिक्षकको तलब बढी निकाशा | ११०६९८ |
| पारिश्रमिक कर | ८४०० |
| जम्मा | २०४१२८ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणाली -**

**आन्तरिक नियन्त्रण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको भएता पनि देहायको व्यहोरामा आन्तरिक प्रणालीमा उल्लेख भए अनुसारको भएको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन -

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

• निजामती सेवा ऐन २०४९ बमोजिम कार्य विवरण बनाई लागु गरेको पाईएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३ वित्तीय विवरण परीक्षण -

३.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ती भुक्तानी हिसाव | | | | |
|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ९९,१६,५२,०४७.३८ | ९०,०४,६२,२३४.९१ | ९०,०४,६२,२३४.९१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६४,६६,३३,१९५.०० | ५८,०२,६१,१६८.१६ | ५८,०२,६१,१६८.१६ |
| ११००० कर | ११ | १३,०७,४३,०००.०० | १०,४९,४९,०२२.३८ | १०,४९,४९,०२२.३८ |
| १३००० अनुदान | | ५०,६९,४०,१९५.०० | ४६,९२,७६,९९१.७२ | ४६,९२,७६,९९१.७२ |
| संघीय सरकार | १२ | ४६,१८,१५,१९५.०० | ४३,३०,०६,१८१.७५ | ४३,३०,०६,१८१.७५ |
| प्रदेश सरकार | १२ | ४,५१,२५,०००.०० | ३,६२,७०,८०९.९७ | ३,६२,७०,८०९.९७ |
| अन्तरिक श्रोत | | ० | ० | ० |
| १४००० अन्य राजस्व | | ८९,५०,०००.०० | ६०,३५,१५४.०६ | ६०,३५,१५४.०६ |
| ख. अन्य प्राप्ति | | ३४,५०,१८,८५२.३८ | ३२,०२,०१,०६६.७५ | ३२,०२,०१,०६६.७५ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० |
| कोषहरु | | १,४३,०३,६५७.३८ | ३२,१५,२६०.०० | ३२,१५,२६०.०० |

| | | | | |
|---|---|---|---|---|
| धरौटी | | ० | ५२,४७,१२५.०० | ५२,४७,१२५.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ३३,०७,१५,१९५.०० | ३१,१७,३८,६८१.७५ | ३१,१७,३८,६८१.७५ |
| भुक्तानी (ग+घ) | | १,०२,०१,५२,०४७.३८ | ९२,७७,९३,५०१.३५ | ९२,७७,९३,५०१.३५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६७,५१,३३,१९५.०० | ६०,३६,२६,१००.२५ | ६०,३६,२६,१००.२५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ८,८३,४७,०००.०० | ७,५६,०८,३६३.३४ | ७,५६,०८,३६३.३४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११,००,३५,०००.०० | ८,९८,५५,०५८.७१ | ८,९८,५५,०५८.७१ |
| २५००० सहायता (Subsidy) | १८ | ६४,७०,०००.०० | ६४,६६,५०७.०० | ६४,६६,५०७.०० |
| २६००० अनुदान | १८ | २१,६०,६७,५००.०० | २१,१५,८२,२७६.१८ | २१,१५,८२,२७६.१८ |
| २७००० सामाजिक सुरक्षा | १८ | १,१२,४६,०००.०० | १,०६,३९,१७८.०० | १,०६,३९,१७८.०० |
| २८००० अन्य खर्च | १८ | ९,००,०००.०० | ९,००,०००.०० | ९,००,०००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २४,२०,६७,६९५.०० | २०,८५,७४,७१७.०२ | २०,८५,७४,७१७.०२ |
| घ. अन्य भूक्तानी | | ३४,५०,१८,८५२.३८ | ३२,४१,६७,४०१.१० | ३२,४१,६७,४०१.१० |
| कोषहरु | | १,४३,०३,६५७.३८ | ९२,९८,६३५.०० | ९२,९८,६३५.०० |
| धरौटी | | ० | ३१,६४,८४१.२५ | ३१,६४,८४१.२५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ३३,०७,१५,१९५.०० | ३१,१७,३८,६८१.७५ | ३१,१७,३८,६८१.७५ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -३४,७५६.९० | -३४,७५६.९० |
| ङ. यो वर्षको बचत (न्युन) | | (२,८५,००,०००.००) | (२,७३,३१,२६६.४४) | (२,७३,३१,२६६.४४) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५,३२,२१,४६७.३२ | ५,३२,२१,४६७.३२ |

| | | | | |
|---|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | | (२,८५,००,०००.००) | २,५८,९०,२००.८८ | २,५८,९०,२००.८८ |
| बैंक तथा नगद बाकी | २४ | | २,४७,४३,५९६.८८ | २,४७,४३,५९६.८८ |

सैद्धान्तिक बेरुजु

३.२ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ६३११८३९८।४९ मौज्दात रहेकोमा यो वर्ष रु. ५३२२१४६७।३२. जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ९८९६९३१।१७ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. ९८९६९३१

| प्रमाण पेश नगरेको | ९८,९६,९३१ |
|---|---|

३.३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १३५०६६६७९।सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **बजेट तथा कार्यक्रम -**

४.१ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख

प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुख श्री अमृता देवी कुँवरले मिति २०७९।३।१० मा रु. ८० करोड ७६ लाख १८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३ ।१५। मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ

सैद्धान्तिक बेरुजु

४.३ **फुटकर योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष फुटकर योजना शीर्षकमा बजेट व्यवस्था गरी २४ योजनामा रु. ३४९७५६२।- खर्च गरेको छ। बजेट राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन -

| योजनाको नाम | वडा न. | बजेट रु. |
|---|---|---|
| फुटकर योजना- राजुकारुख तारबार | ५ | २२६४६९ |
| फुटकर योजना- घोर्ले मा.वि. तारवार | ० | ६१७५५ |
| फुटकर योजना-अस्पताल लाइन सडकको नाली, आँखा अस्पताल जाने सडकको ढलान तथा शहिद चोक रंगरोगन योजना | ० | ४५४७२१ |
| फुटकर योजना- तम्घास बजारमा ११ मी. को विजुलीको पोल खरिद तथा गाड्ने कार्य | ० | १०००००० |
| फुटकर योजना- ठूलोपधेरा सानोआँप छाप डिमिक मोटरबाटो | ० | ४००००० |
| फुटकर योजना- बुढाधारा देखि वडा कार्यालयसम्म गिट्टी विछ्याउने कार्य | ० | २६८२७ |
| फुटकर योजना- वडा नं. १० को वडा कार्यालय भवन र पुरानो गा.वि.स. भवनमा रङ्गरोगन | ० | १००००० |
| फुटकर योजना- खक्सेनी सामुदायिक वन सेलेप निर्माण तथा होमपाइप व्यवस्थापन | ० | १००००० |
| फुटकर योजना- मौरीका डाँडा अर्जुन मोटरवाटो नाली व्यवस्थापन | ० | ७७००० |
| फुटकर योजना-उदिनढुङ्गा जिपपार्क नाली व्यवस्थापन | ० | ३३२९७ |

| | | |
|---|---|---|
| फुटकर योजना- HT/LT लाइन मर्मत | ० | ५८१८० |
| फुटकर योजना - अपांगता दिवस | ० | २०००० |
| उपल्लो रैदी ठाडिचौर गो वा निर्माण, रे.न.पा.-४ | ४ | २००००० |
| फुटकर योजना-फुल्देल ठाडो गोरेटो बाटो निर्माण | ४ | १००००० |
| फुटकर योजना-शिवालय मसिना पोखरी देखि एक्लेखेत जाने गोरेटोबाटो | ४ | 20000 |
| फुटकर योजना- रेसुङ्गा खानेपानी योजना पाइपलाइन मर्मत | ० | 200000 |
| फुटकर योजना-निर्माणाधिन सभा हल सेरोफेरोमा रुख कटान | ४ | ३०००० |
| फुटकर योजना - महेन्द्र पूर्व विद्यार्थी मञ्च | ० | १००००० |
| फुटकर योजना-रैछडे बौग्वाबोर धरमबेसी सिचाई योजना | ६ | १५००० |
| फुटकर योजना- पहिरो नियन्त्रण कार्यक्रम | १३ | ७२९१६ |
| फुटकर योजना- धरमडाडा ढल निर्माण योजना | १० | १५००० |
| फुटकर योजना - ११ मि. स्टिल ट्युवलर पोलहरु जडान कार्य | ० | ९७६९९.८ |
| फुटकर योजना -मुख्य मोटरबाटो मर्मत | ३ | ७०८३७ |
| फुटकर योजना - वडा कार्यालय रङ रोवन | ९ | १७८६१ |
| | जम्मा | ३४९७५६२ |

सैद्धान्तिक बेरुजु

४.४ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा कुल ५११ योजनामा वजेट विनियोजन गरेको छ।

| विवरण | योजना संख्या | रकम (रु. हजारमा) |
|---|---|---|
| रु.१ लाखभन्दा कमको योजना | २३८ | १०५२६ |
| रु. १ लाख एकदेखि ५ लाख सम्मका | १८६ | २९११५ |

| | | |
|---|---|---|
| रु. ५ लाखदेखि १० लाख सम्मका | ४५ | ३२८४८ |
| रु.१० लाख एकदेखि ५० लाख सम्मका | २१ | ३५०१९ |
| रु. ५० लाख भन्दा माथिका | २१ | ११२२६ |
| जम्मा | ५११ | ११८७३४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।

सैद्धान्तिक बेरुजु

४.५ **लक्ष्य प्रगति-** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५ प्रतिशत सम्म प्रगति | ५० प्रतिशत सम्म प्रगति | ७५ प्रतिशत सम्म प्रगति |
| कार्यक्रम संख्या | ५११ | ० | ० | ४ | ५०७ |

सैद्धान्तिक बेरुजु

४.६ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३७१३५ | २७५३३ | ४.५६ |
| पूर्वाधार विकास | १९४९६३ | १६७६४४ | २७.७७ |
| सामाजिक विकास | ३०२५०३ | २९०४६८ | ४८.१२ |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १९१०० | १६९१० | २.८० |

| | | | |
|---|---|---|---|
| अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १२१४३२ | १०१०३९ | १६.७४ |
| जम्मा | ६७५१३३ | ६०३५९४ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट रु. ६७५१३३०००।- मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४८.१२ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा २.८० प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

४.७ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु. हजारमा) | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | २०८५७४ | १७६६४ | ३६८०७ | ४५७३१ | २६८५९८ | ७१६४८ |
| प्रतिशत | | ८.४७ | १७.६५ | २१.९३ | १२८.७८ | ३४.३५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु. २०८५७४।- निकासा भएकोमा प्रथम त्रैमासिकमा ८.४७ प्रतिशत, दोस्रो त्रैमासिकमा १७.६५ प्रतिशत, तेस्रो त्रैमासिकमा २१.93 प्रतिशत र चौथो त्रैमासिकमा ५१.९६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र ३४.६५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५ कानून निर्माण एवं कार्यान्वयन -

५.१ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि यस पालिकाले हालसम्म २४ वटा ऐन, ३ वटा नियमावली, ३२ कार्यविधि, ३ निर्देशिका, १ मापदण्ड, १ नीति लगायत ६४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

५.२ **न्यायिक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको ३ गरी कुल ७ विवाद दर्ता भएकोमा ७ वटा मात्र फर्स्यौट भई बाँकी नरहेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६ **संगठन तथा कर्मचारी व्यवस्थापन -**

६.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका विभिन्न १७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.२ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३६ कर्मचारीको रु. २३५२७३३५।- र पालिकाका ५४ कर्मचारीको रु. ३६१४७१७६।- समेत रु. ४९६७४५११।- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता -**

**अनुदानको अनुगमन —** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, बीउपूँजीमा रु. ३१२३९३५।- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ८ राजस्व आन्तरिक नियन्त्रण -

८.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २०५०००००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. २०६०३५१०।- अर्थात अनुमान भन्दा ०.५० प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

८.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४४७२६५६९५ | २०६०३५१० | ४.६१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.६१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८.३ **राजस्व असुली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका १४ वडाहरुमध्ये नमुना छनौट गरी निम्नानुसारका वडाहरुको राजस्व असुली परीक्षण गर्दा निम्नानुसार देखियो -

| वडा नं | आय शिर्षक | अशुली रु. | दाखिला रु. | दाखिला गर्न बाँकी |
|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व | ६२६४८ | ६२६४८ | 0 |
| २ | आन्तरिक राजश्व | ५४४६०९ | ५४४६०९ | 0 |
| ३ | आन्तरिक राजश्व | २३१९९३ | २३१९९३ | 0 |

| | | | | |
|---|---|---|---|---|
| ६ | आन्तरिक राजश्व | २११७५३ | २११७५३ | 0 |
| | जम्मा | १०५१००३ | १०५१००३ | 0 |

सैद्धान्तिक बेरुजु

८.४ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ३८३१६५०।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **नियन्त्रण वातावरणको विश्लेषण -**

९.१ **कन्टिन्जेन्सी खर्चको अभिलेख -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७९।०८० मा कन्टीन्जेन्सी बापत रु. ३९४००००।- कट्टी गरी रु. ३९४००००। खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

सैद्धान्तिक बेरुजु

९.२ **परामर्स तथा डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| Smart Street Lightning System | Everest Technical & IT Solution Pvt. Ltd | २०००१० | २०००१० | १७२९६४९९ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति

प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९.३ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२०८५७४७१७।पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९.४ **सेवाप्रवाह -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकालेवाट प्राप्त विवरण अनुसार सेवा प्रवाह गरेको अभिलेखमा केवल घनटा दर्ता पेश भएको हुँदा अन्य सेवा प्रवाहको विवरणमा यकिन हुन सकिएन ।

| विवरण | जम्मा |
|---|---|
| घटना दर्ता | १६९३ |
| घरबाटो सिफारिष | प्राप्त नभएको |
| नागरिकता सिफारिष | प्राप्त नभएको |
| नाता प्रमाणित | प्राप्त नभएको |
| अन्य | प्राप्त नभएको |

सैद्धान्तिक बेरुजु

९.५ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ। पालिकाले १ पटक सार्वजनिक परीक्षण गराइ रु. ७९५५०।- खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

९.६ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४४ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **सम्पत्ति उपयोग र संरक्षण -**

**सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण —** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छन्-

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | विभिन्न | २५ | १०१०००० र निशुल्क | २५-४-१-० क्षेत्रफल |
| सवारी साधन ईलिक्ट्रिक स्कुटर | २०७९।१२।३ | ५ | १३०३५०० | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | २०७१।३।२१ | १ | जि.वि.स बाट हस्तान्तरित | |

सैद्धान्तिक बेरुजु

११ **आर्थिक सहायता, अन्य विविध खर्च र प्रधानमन्त्री रोजगार-**

११.१ **विविध खर्च —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १९९१७१४।- खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

११.२ **आर्थिक सहायता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ र प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नु व्यवस्था छ । पालिकाले आर्थिक सहायता सम्बन्धी कार्यबिधि तर्जुमा गरी आ.व. २०७९/०८० मा आर्थिक सहायता र प्रकोप व्यवस्थापन शिर्षकमा बजेट विनियोजन गरी बिरामी भएका व्यक्ति, जटिल रोग, प्राकृतिक विपत्ति, राहत लगायतका कार्यको लागि २७४३०००।- वितरण गरको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आयको रु. २०६०३५१०।- को १३.३१ प्रतिशत रकम वितरण गरेको देखिन्छ ।यसरी ऐनको व्यवस्था विपरित आर्थिक सहायता बितरण सम्बन्धी कार्यमा नियन्त्रण गरी सार्बजनिक स्रोतलाई उत्पादन मुलक क्षत्रमा परिचालन गर्ने तर्फपालिकाले ध्यान दिनुपर्दछ ।

| सहायता पाउनेको संख्या | भुक्तानी भएको दर | कुल रकम |
|---|---|---|
| १४ | ५००००/- | ७०००००/- |
| १ | ४००००/- | ४००००/- |
| १ | ३५०००/- | ३५०००/- |
| २ | ३००००/- | ६००००/- |
| ७ | २५०००/- | १७५०००/- |
| ८ | २००००/- | १६००००/- |
| ३१ | १५०००/- | ४६५०००/- |
| १ | १२०००/- | १२०००/- |
| ५९ | १००००/- | ५९००००/- |
| ९ | ८०००/- | ७२०००/- |
| ३२ | ७०००/- | २२४०००/- |
| १ | ६०००/- | ६०००/- |
| २८ | ५०००/- | १४००००/- |
| १२ | ४०००/- | ४८०००/- |
| ४ | ३०००/- | १२०००/- |
| २ | २०००/- | ४०००/- |
| कुल जम्मा रकम | | २७,४३ ,०००/- |

सैद्धान्तिक बेरुजु

११.३ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १४ वडामा सोइलिङ्ग, सिडी निर्माण तथा ढल व्यवस्थापन योजना सञ्चालन गरी यस वर्ष १६२ जनालाई १०० दिने रोजगारी उपलव्ध गराई रु. ११२७१३६६।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **धरौटी र कोष -**

**धरौटी फिर्ता -** आन्तरीक राजस्व विभागको मिति २०६९।६।१० को पत्रमा अग्रिम भुक्तानी वा धरौटी फिर्ता गर्नुपुर्व भुक्तानी लिएको रकम र मुल्य अभिवृद्धि कर सम्वन्धीत निर्माण व्यवसायीले कर विवरणमा समावेश गरे नगरेको सम्वन्धीत आन्तरीक राजस्व कार्यालयवाट एकिन गरी भुक्तानी दिने पत्र जारी गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।कार्यालयले निम्न निर्माण सेवालाइ कार्य सम्पन्न गरि धरौटी रकम फिर्ता गर्दा कर समायोजन प्रमाण पत्र नलिइ भुक्तानी गरेकोले कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | गो.भौ.नं. र मिति | निर्माण कम्पनी | कार्य | भूक्तानी रकम |
|---|---|---|---|---|
| १ | १४।२०७९।६।१३ | स्मार्ट सोलार प्रा.लि. | सोलार जडान | 13270 |
| २ | १५।२०७९।६।१३ | जनप्रिय सोलार हाउस | सोलार जडान | 22656 |
| ३ | ७२।०८०।३।२४ | साङ्ग्रीला इन्फोसिस प्रा.लि. | सफ्टवेयर जनान | 22050 |
| | | | जम्मा | 57976 |

| प्रमाण पेश नगरेको | ५७,९७६ |
|---|---|

१३ **पेश्की व्यवस्थापन -**

**पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| गो. भौ. मिति | पेश्की लिनेको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|
| ४७-०७९।८।२३ | ड्याक्स्टन बिल्डर्स | 470000 | 0 |
| ५९-०७९।९।८ | नाइजल निर्माण प्रा.लि. | 180000 | 0 |
| १९६-०७९।१२।३ | ड्याक्स्टन बिल्डर्स | 142500 | 0 |
| ३,४-०७९।९।२० | सुरक्षित नागरिक आवास | 2040000 | 0 |
| २४८,८८५,९२०-०७९।१२।२९ | सुरेस खनाल | 0 | 563000 |
| | जम्मा | 2832500 | 563000 |

| पेश्की | ५,६३,००० |
|---|---|

१४

१४.१ **कर्मचारी प्रोत्साहन** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ ।पालिकामाले कर्मचारी प्रोत्साहन कार्यविधि, २०८० तर्जुमागरी कार्यबिधि अनुशार अनुसूची-१ अनुशार बिभिन्न ईन्डीकेटरको आधारमा कार्यसम्पादन मुल्याकन गरी रु १८०३८५३ भुक्तानी गरेको देखिन्छ ।पालिकाले आफ्नो आन्तरीक आयलाई समेत मध्यनजर गर्दै पोत्साहन भत्ता सम्बन्धी कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१४.२ **क्याम्पस अनुदान** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यन्वयन निर्देशिकामा स्थानीय तहबाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यामिक विद्यालय तहसम्म तलव भत्ता तथा विद्यालय गतिविधिसंग सम्वन्धित क्रियाकलापमा खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले सो विपरीत रेसुङ्गा वहुमुखी क्याम्सलाइ रु ५००००००।अनुदान दिएको छ । क्याम्पसलाई विश्व विद्यालय तथा अन्य प्रदेश सरकारबाट अनुदान पाउने गरेकोमा नगरपालिकाको कार्य क्षेत्र वाहिर गई क्याम्पसलाई अनुदान दिएको रकम अनियमित देखिएको रु ५००००००।

| अनियमित भएको | ५०,००,००० |
|---|---|

१४.३ **फरक शिर्षकमा भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने तथा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत वडा नं ६ को तेस्रो त्रैमासिकको वडा संचालन खर्च रु १११७९० भुक्तानी गर्दा संचार तथा पत्रपत्रिका शिर्षकमा रु १०००० भुक्तानी भएको छ। खर्च भुक्तानीका बिलभरपाई

परिक्षण गर्दा जनसहयोग माध्यमिक बिद्यालयको नगदी रसिद पेश गरी भुक्तानी लिएको देखिन्छ। कार्यक्रमको उदेश्य बिपरित भएको खर्च अनियमित देखिएको रु १००००

| | |
|---|---|
| अनियमित भएको | १०,००० |

१५

१५.१ **मू अ करमा दर्ता नभएकोसँग खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार बिस हजार भन्दा माथिको खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्नानुसार तोकिएको सिमा भन्दा बढी भुक्तानी गर्दा मू अ करमा दर्ता भएको फर्मसँग खरिद गरेको नपाइएकोले कानुनको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| भौ.नं., मिति | भुक्तानी पाउने फर्म | प्रयोजन | रकम |
|---|---|---|---|
| १४५-२०७९/७/२५ | अस्मिता बुक्स एण्ड स्टेशनरी सेन्टर | मसलन्द तथा कार्यालय सामान | ९६७५० |
| ६९४-२०८०/३/३ | विज्ञान एण्ड बिक्रम स्टोर्स | खाधान्न | २१५३५० |
| ७६४-२०८०/३/१६ | रेसुङ्गा कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स सप्लायर्स | मर्मत | १३४१५० |
| ८१७-२०८०/३/२१ | होटल दियालो | सभा संचालन खर्च विविध | २६८१०० |
| १०८-२०७९/८/३ | रेसुङ्गा कम्प्युटर एण्ड इलेक्ट्रोनिक सप्लायर्सलाई | मर्मत संभार | २६८७०० |
| | जम्मा | | ९८३०५० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१५.२ **अग्रीम कर** - आयकर ऐन , २०५८ को दफा ८८ मा अग्रीम कर कट्टी सम्बन्धी ब्यवस्था छ । पालिकाको वडा कार्यालयमा प्रयोग गरिएको इन्टरनेट सेवा शुल्क वापत रु. २,२०,४९४/- वल्डलिङ्क प्रा लि लाई भुक्तानी भएको छ । तर नियमानुसार कट्टी गर्नुपर्ने १.५% अग्रीम कर कट्टी नभएकाले उक्त कर असुल गरि दाखिला गर्नुपर्ने देखिएको रु. ३३०७

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३०७ |

१५.३ **विविध खर्च** - पालिकाले विभिन्न मितिमा निम्न अनुसारका होटलहरुबाट खाना नास्ता पानी चिया तथा विविध खर्च शिर्षकमा रकम भुक्तानी गर्दा कुन प्रयोजनको लागि तथा के कार्यक्रमको लागि खर्च लेखिएको हो सो विषय नखुलाई एकमुस्ट विविध खर्च शिर्षकमा रकम भुक्तानी गरेको देखिन्छ । जसका केही उदाहरणहरु निम्न अनुसार छन र यस्तो प्रयोजन र कार्यकम नखुलाई विविध शिर्षकमा खर्च लेख्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ

| भौ.नं., मिति | भुक्तानी पाउने फर्म | कार्यक्रम | रकम |
|---|---|---|---|
| १४७-२०७९/७/२५ | होटल दियालो | नगरपालिकाका विभिन्न कार्यक्रम | २३६६३० |
| २१४-२०७९/९/१ | ओक एण्ड प्यान फेमली रेस्टुरेन्ट | नगरपालिकाका विभिन्न कार्यक्रम | २०९८४४ |
| ४०४-२०७९/११/११ | होटल दियालो | नगरपालिकाका विभिन्न कार्यक्रम | ७६१८० |
| ८१७-२०८०/३/२१ | होटल दियालो | नगरपालिकाका विभिन्न कार्यक्रम | २६८१०० |
| ६८७-२०८०/२/३२ | ओक एण्ड प्यान फेमली रेस्टुरेन्ट | नगरपालिकाका विभिन्न कार्यक्रम | ९१५०० |
| जम्मा | | | ८८२२५४ |

सैद्धान्तिक बेरुजु

१६ **सामाजिक सुरक्षा तर्फ -**

१६.१ **भत्ता वितरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वापत यस वर्ष कूल रु. १३५०६६६७९।- वितरण गरेको छ । लेखापरीक्षण योजना अनुसार सबै भन्दा बढी भत्ता वितरण गरिएको ३ वटा वडाहरु वडा नं ६, १० र १४ को परीक्षण गरिएकोमा निम्न व्यहोरा देखियो -

सैद्धान्तिक बेरुजु

१६.२ **नागरिकता नम्बर दोहोरो -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १२ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक/वित्तीय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। लेखापरीक्षण योजना अनुसार सबैभन्दा बढी सामाजिक सुरक्षा भत्ता वितरण भएका वडाहरु ६, १० र १४ को परीक्षण गर्दा पालिकाले तपशिलको व्यक्ति/ लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो गरी सामाजिक सुरक्षा भत्ता वापत रु.१५३५४००।- भुक्तानी गरीएको छ। के कसरी नागरिकता नम्बर दोहोरो भएको हो पालिकाबाट यकिन गर्नुपर्दछ । साथै अन्य वडाहरुमा लाभग्राहीको विवरण समेत अद्यावधिक गरी भत्ता वितरण गरिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा १६.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१६.३ **निष्कृय खाता तथा लगत कट्टा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निष्कृय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम यकिन हुन सकेन । पालिकाले वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१७ **निशुल्क पाठ्यपुस्तक -** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयलाई विद्यार्थीहरुको संख्याको आधारमा निकासा दिनुपर्दछ ।पालिकाले उपल्लो तम्घांस माध्यामीक विद्यालयमा काक्षा १ मा ४५ जना विद्यार्थीलाइ प्रति विद्यार्थी रु ५२१। दरले रु २३४४५। निकासा दिनुपर्नेमा ५५ जना विद्यार्थीहरुको रु २८६५५।निकासा दिएकोले विद्यर्थी संख्या भन्दा बढी निकासा दिएको रकम असुल गर्नुपर्ने रु ५२१०।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,२१० |

१८ **शिक्षण सिकाइको वैकल्पिक एप -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्श सेवाबाट खरिद गर्दा नियम ९ को अधिनमा रही लागत अनुमान तयार गरी सुचिकृत फर्महरुबाट प्रास्ता माग गर्न सकिने व्यवस्था छ । पालिकाले लागत अनुमान तयार गरी १२ वटा माध्यामीक विद्यालय र ३ वटा आधारभुत विद्यालयको लागि शिक्षण सिकाइमा वैकल्पीक माध्यम विद्युतिय सिकाइको प्रयोग संचालनको लागि मेरो शिक्षा नामक एप्लिकेसनमा रहेका सामाग्री विद्यार्थी र शिक्षको व्यक्तीगत खाता खोलि उक्त एपको प्रयोग सम्वन्धि प्रशिक्षण कार्यक्रमको लागि डिजिटल लर्निङ नेपालसंग रु ९८९८८०।मा सम्झौता गरी गौ

भौ न १६।०८०।२।२८ बाट रु ९२२०८०।भुक्तानी दिएको छ ।कुनै पनि डिजिटल शिक्षण सिकाइको एप्लिकेसन सम्वन्धी विद्यार्थी तथा शिक्षकले सजिलै प्रयोगमा ल्याइ त्यसको उपयोग गर्छन की गर्दैन र त्यस्तो डिजिटल एप्लीकेसनको दिगोरुपमा प्रयोग ल्याउनको लागि पुर्व तयारी नगरी विद्यार्थी र शिक्षकको व्यक्तीगत खाता खोली एपको प्रशिक्षण कार्यक्रमको लागि भनि लागत अनुमान समेत तयार नगरी सम्झौता गरी खर्च लेखेको उक्त डिजिटल एप्लीकेसन संचालनबाट विद्यार्थी र शिक्षक समेतले प्रभावकारी प्रयोग गरे नगरको समेत अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **दिवा खाजा -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा विद्यार्थीको दिवा खाजाको लागि विद्यालय संचालन हुनासाथ दिवा खजा व्यवस्थापन गर्नुपर्ने उल्लेख छ ।आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सुचना प्रणालीमा समावेश भएको प्रारम्भिक बाल विकास देखि कक्षा ६ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर स्थानीय तहले प्रति विद्यार्थी दैनीक रु १५ का दरले वार्षिक रुपमा १८० दिनका लागि बजेट व्यवस्था गरी सोही आधारमा पालिकाले यस आर्थिक वर्षमा विभिन्न विद्यालयमा दिवा खाजाको लागि रु ७२४५०००। विभिन्न विद्यालयलाई निकासा दिएको छ । विद्यालयले दैनिक विद्यालयमा उपस्थित विद्यार्थीहरुलाइ खाजा खुवाइएको भरपाई पेश गरी दिवा खाजा खर्च लेखेको छ ।पालिकाले विद्यालय खुलेको करीव करीव पुरै समय विद्यार्थी उपस्थित भएको हाजिर भरपाइ पेश गरेको छ । उक्त पुरै समय विद्यार्थी विद्यालयमा उपस्थित भए नभएको स्थानीय तहबाट निरीक्षण गर्ने उल्लेख भएकोमा निरीक्षण गरि प्रतिवेदन पेश नगरेकोले विद्यालयले पेश गरेको भरपाइ बमोजिम विद्यार्थी उपस्थित रहेको भनि यकिन गर्न सकियन ।अत : स्थानीय तह तथा सम्वन्धित व्यक्तिले विद्यालयबाट दिएको दिवा खाजा कार्यक्रमको निरीक्षण तथा अनुगमन पुस्तिका तयार गरी राय सुझाव उल्लेख गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२० **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १७०४ जना रहेका छन। पालिकाले शर्सत अनुदानबाट थान स्यानिटरी प्याड रु. ९०३९०९। (मु अ कर समेत) को सिलवन्दी कोटेसनबाट खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा आर्थिक वर्षको अन्तमा २२००० थान खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **बढी ग्रेड -** शिक्षा ऐन अनुसार पारित तलवी प्रतिवेदन अनुसार शिक्षकलाई ग्रेड रकम भुक्तानी गर्नुपर्दछ ।शिक्षक युवराज ज्ञवलीलाइ पारीत तलवी प्रतिदेन भन्दा १ ग्रेड बढी दिएको रु ५६७९।र सिता पाण्डेलाई बढी दिएको रु ३४७४ समेत रु ९१५३।बढी दिएको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,१५३ |

२२ **संघीय संचितकोषमा दाखिला -** विद्यालयमा कार्यरत बाल विकसका शिक्षकहरुको तलव भत्ता मासिक रु १७०००।का दरले खर्च लेख्ने गरेको छ । वाल विकासका शिक्षकको तलव रु १७०००। मध्ये संघीय सशर्त हस्तान्तरीत कार्यक्रमबाट रु १००००। र पालिकाको निर्णय अनुसार रु ७०००।स्थानिय तहबाट खर्च लेखु पर्दछ । पालिकाले गौ भौ न २५८।०८०।३।२२ बाट ४३ जना बाल विकास सहजकर्ताको २०८० साल वैशाख देखि असार महिना सम्मको मासिक तलव रु ८७५६९९।संघीय सशर्त हस्तान्तरित चालु कार्यक्रमबाट खर्च लेखेको छ । स्थानीय तहबाट खर्च लेखुपर्नेमा संघीय सशर्तबाट हस्तन्तरित चालु कार्यक्रमबाट खर्च लेखेको रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,७५,६९९ |

२३ **संघीय संचितकोषमा दाखिला -** विद्यालयमा कार्यरत बाल विकसका शिक्षकहरुको तलव भत्ता मासिक रु १७०००।का दरले खर्च लेख्ने गरेको छ । वाल विकासका शिक्षकको तलव रु १७०००। मध्ये संघीय सशर्त हस्तान्तरीत कार्यक्रमबाट रु १००००। र पालिकाको निर्णय अनुसार रु ७०००।स्थानिय तहबाट खर्च लेखु पर्दछ । पालिकाले गौ भौ न २५८।०८०।३।२२ बाट ४३ जना बाल विकास सहजकर्ताको २०८० साल वैशाख देखि असार महिना सम्मको मासिक तलव रु ८७५६९९।संघीय सशर्त हस्तान्तरित चालु कार्यक्रमबाट खर्च लेखेको छ । स्थानीय तहबाट खर्च लेखुपर्नेमा संघीय सशर्तबाट हस्तन्तरित चालु कार्यक्रमबाट खर्च लेखेको रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,७५,६९९ |

२४ **बढी भूक्तानी -**

२४.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९[५] मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टी गर्ने विल भरपाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख गरेको छ ।गो भौ न २९८।०७९।१०।१२ बाट काठको पर्टेसन गर्दा मुल्यांकन गर्दा रु ४६९८९।भएकोमा मुल्यांकन अनुसार भुक्तानी दिनुपर्नेमा रु ५४९९०। भुक्तानी दिएकोले बढी भुक्तानी दिएको असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,००१ |

२४.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९[५] मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टी गर्ने विल भरपाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख गरेको छ । पालिकाले गो भौ न २३६।०७९।१२।२८ बाट चुच्चेगैरा चौडिला उपल्लो तम्घासबाल उद्यान बुढीचौर मोटरबाटो

निर्माणमा निर्माण व्यवसायी नाइजल निर्माण सेवालाई रु १४२५३।बढी रकम भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,२५३ |

२५ **अग्रिम कर -** आयकर ऐन २०५८ अनुसार वहाल कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो भौ न ८२।०८०।३।२० बाट कालिका टोल भल व्यवस्थापनलाइ रु ७५०००। भुक्तानी दिएकोमा नियम अनुसार रु ३६६९। कर कट्टा गर्नुपर्नेमा रु १२०३। मात्र कर कट्टा गरेकोले नपुग कर कट्टी गरी असुल गर्नुपर्ने रु २४६६।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४६६ |

२६ **आइसिटी ल्याव -** पालिकाले विद्यालयहरुलाइ ICT ल्याव तथा विज्ञान प्रयोगशाला संचालन गर्नको लागि विभिन्न ७ विद्यालयहरुलाई रु ६५००००। का दरले रु ४५५००००। निकासा दिएको छ । पालिकाबाट निकासा दिएको रकमबाट सम्वन्धित विद्यालयले ICT ल्याव तथा विज्ञान प्रयोगशाला संचालन रहे नरहेको पालिकाबाट अनुगमन गरेको प्रतिवेदन पेश गरेको छैन। विद्यालयले अनुदान दिएको रकबाट ICT ल्यावका सामाग्री खरिद गरेको विलमात्र पेश गर्ने गरेकोले ICT ल्याव ल्याव संचालन गरे नगरेको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२७ **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय हस्तान्तरण चुल शसर्त बजेट उप शिर्षकबाट विभिन्न फर्मसँग रु १२३०१४०। को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८ **अवकास कोषबाट खर्च -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीहरुले निजको सेवा शर्त सम्वन्धी कानुन बमोजिम अवकाश हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधी उपचार लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अबकास

कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । स्थानीय सेवाका कर्मचारी अवकाश हुदा कानुन बमोजिम पाउने सुविधा कोषबाट उपलव्ध गराउनु पर्नेछ त्यसैगरी उप दफा ४ मा अबकाश कोषक रकम अन्य प्रयोजनको लागि खर्च गरिने छैन भन्न उल्लेख छ ।पालिकाले अवकाश कोषबाट अन्य प्रयोजन पत्रपत्रीकामा रु १२०००००। खर्च लेखेकोले उक्त रकम असुल गरी अवकास कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,००,००० |

२९ **सामाजिक सुरक्षा -** आयकर ऐन २०५८ को दफा ८७ अनुसार भुक्तानीमा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गर्ने व्यवस्था छ । पालिकाले गो भौ न १४७।०८०।१।११ बाट महिला स्वयम सेविकालाई पोशाक भत्ता रु ८२००००।भुक्तानी दिएकमो १ प्रतिशतले हुने कर रु ८२००।कट्टा नगरेकोले उक्त कट्टी गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,२०० |

३० **न्यानो झोला खरिद -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र र बर्थिङ सेन्टरमा यस वर्ष जनाले मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाले यस वर्ष २०० थान न्यानो झोला खरिद गरी रु १७९८००।खर्च लेखेको छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३१ **कृषक समूहलाई अनुदान -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार कृषक समुह मार्फत बीउपूँजी सिड विन बाख्रा पालन अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीतितय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| गो भौ न | अनुदान पाउने समुह | अनुदानको कार्यक्रम | अनुदान रकम |
|---|---|---|---|
| १५०।०८०।२।२५ | विभिन्न कृषक समुह | मकैको विउ वितरण | २३१७५। |

| | | | |
|---|---|---|---|
| २७७।०८०।३।२३ | व्यवसायीक कृषि समुह | सिड विन तथा पल्लाष्टिक व्याग | ११७६४६। |
| २७८।०८०।३।२४ | रेसुङ्गा सिद्धबाबा पकेट विकास समिति | बाख्रा पकेट कार्यक्रमको वाख्रा वितरण | ५१४०००। |

| सैद्धान्तिक बेरुजु |
|---|

३२ **ईलेक्ट्रीक चुलो वितरण -** आर्थिक कार्यविधि तथा वित्तीय उदत्तरदायीत्व नियमावली २०७७ अनुसार स्वीकृत कार्यक्रमको लागि विनियोजन भएको बजेट उक्त कार्यक्रम संचालन गरी खर्च गर्नुपर्दछ ।वातावरणीय स्वच्छता र जनचेतना सम्वन्धी कार्यक्रमको लागि विनियोजित बजेटबाट उक्त कार्यक्रम संचालन गरी खर्च गर्नुपर्नेमा पालिकाले कार्यक्रम संचालन नगरी गो भौ न २६५।०८०।३।२२ बाट इलेकट्रीक चुलो ३८५ वटा खरिद गरी वड न ५ मा वितरण गरी रु ९९९०३९। खर्च गरेको छ । कार्यक्रम संचालनको लागि विनियोजित बजेट कार्यक्रम संचालन नगरी चुलो खरिद गरी वितरणमुखी कार्यमा खर्च गरेको रु. ९९९०३९।

| अनियमित भएको | ९,९९,०३९ |
|---|---|

३३ **कार्यक्रम विपरित खर्च -** आर्थिक कार्यविधि तथा वित्तीयउदत्तरदायी नियमावली २०७७ अनुसार स्वीकृत कार्यक्रमका लागि विनियोजित भएको बजेट स्वीकृत कार्यक्रमा खर्च गर्नुपर्दछ ।पालिकाले रैथाने बाली प्रवर्द्धन कार्यक्रमको लागि विनियोजित बजेटबाट पालिकामा रहेका रैथाने बालिको खोज अनुसन्धान गरी बाली प्रवर्द्धन कार्यमा खर्च गर्नुपर्नेमा उक्त कार्यक्रमको रकमबाट भकारो सुधारमा रु २५२०००।कम्बाईन मिल खरिद रु २२५०००।डिजिटल व्यालेन्स रु ५७१६०।समेत रु ५३४१६०। स्वीकृत कार्यक्रम विपरितको कार्यमा अनुदान दिइ खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ५,३४,१६० |
|---|---|

३४ **लघुउद्यम विकास कार्यक्रम -** गरिबी निवारणका लागि लघुद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सृजना गर्ने कार्यक्रमको लागि रु २७७९०००। र स्तरोन्नती तालिम कार्यक्रमको लागि रु ४८००००। समेत रु ३२५९०००। खर्च गरेको छ । लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका अनुसार व्यवसाय संचालनको रुची तथा आवश्यकता अनुसार सरफ सावुन बनाउने ,ब्युटी पालर, पशुपालन, मुडा बनाउने सिलाई कटाई तालिम व्यवसायिक वाख्रा पालन संचालन गरी खर्च गरेको छ । कार्यक्रम संचालन निर्देशिकामा तालिमबाट उत्पादित सामान वा वस्तुको गुणस्तर कायम गराउनु सम्वन्धित प्रशीक्षकको दायित्व हुने तालिमबाट उत्पादित समान वा वस्तुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधी भित्रै परल मुल्यको पचास प्रतिशत छुट मुल्यमा सहभागीलाइ विक्री गरी राश्वा दाखिल गर्न सकिने र विक्री नभएमा विवरण सहित कार्यालयमा

बुझाई स्टोर दाखिला गर्नुपर्ने उल्लेख भएकोमा सो अनुसार उत्पादीत सामान वा वस्तुको विक्री भए नभएको विवरण सहितको अभिलेख रात्नु पर्नेमा राखेको छैन ।तालिमको उद्देश्य अनुसार तालिम लिएकाहरुलाई उद्यमी बनाउने, स्थानीय श्रोतसाधनको उचित उपयोग गर्ने सम्वन्धमा अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **२ कोठे विद्यालय भवन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ (५) मा विल भरपाइ सहितको अभिलेख राखु पर्ने व्यवस्था छ । पालिकाले देहायको भवन निर्माण वापत कङ्क्रीटको काममा सुपर स्टक्चर अन्तरगत पिलर र विममा कङक्रिट मिक्चर 1:1:5:3 को मसलामा लागएर स्ल्याप र स्पेयर केसमा 1:2:4 को मिश्रणमा राखी लागत न्यून गराउनु पर्नेमा एउटै मिक्चरको कङ्क्रीट राख्दा बढी लागत भार खर्च लेखेको अनियमित देखिएको रु.

| विद्यालयको नाम | 1:1:5:3 को अनुपात परिमाण | स्ल्यावको परिमाण | हुनुपर्ने | भएको | फरक मूल्य |
|---|---|---|---|---|---|
| त्रिभुवन मावि | 34.15 | 22.24 | 15695 | 18890 | 71056 |
| जनविकास मावि | 58.7 | 23.96 | 15695 | 18890 | 76552 |
| महेन्द्र मावि | 72.19 | 39.6 | 13122 | 17964 | 157850 |
| | | | | जम्मा | 305458 |

•८३।०८०।३।२३ महेन्द्र मा.वि. प्राविधिक धारको विद्यालयमा भौतिक गुणस्तर सुधारको लागि रु. ३० लाख निकासा गरेकोमा प्रावि शिक्षक ८, कास १ र कम्प्युटर ल्यावमा कामगर्ने ३ सहित ११ जना कर्मचारीको लागि रु. २१६८०६०।- अन्य संरचना, विद्यालय सामाग्री र फर्निचर समेत रु. ३०००००० ।- खर्च गरेको छ । शैक्षिक गुणस्तरको लागि खर्चको मापदण्ड स्पष्ट नभएकाले सिमित समयको लागि जनशक्तिमा लगानि गरी रु. २१६८०६०।- खर्च लेखेको छ ।

| अनियमित भएको | ३,०५,४५८ |
|---|---|

३६ **सडक बालबालिका** - सडक बालबालिका व्यवस्थापन गर्न ३जना विद्यार्थीको लागि महेन्द्र मावि रेसुङ्गाको खातामा पठाउने निर्णय बमोजिम यो पालिकाले रु. ३५००००- शिक्षा समन्वय इकाइको खातामा पठाएको पाइयो । बालबालिका पहिचान गरी अभिभावको जिम्मा लगाएर अध्ययन गर्ने वातावरण बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **उपकरणको उपयोग** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ र ज) मा उपलब्ध सम्पत्तिको समुचित उपयोग र सम्भारको उचित व्यवस्था र समयसीमाभित्र प्रगति गुणस्तर र परिमाणको नियमित अनुगमन गरी सन्तोषजनक भएको सुनिश्चित हुनेगरी खर्च गर्नुपर्दछ । पालिकाले

गुल्मी जिल्ला अस्पतालको लागि अर्थोपेडिक सर्जरी सेवाको लागि वाइव्याक विधिबाट सि.आइ. उपकरण १ वर्ष वारेन्टीको रु. २४८७०००।- र मुअकर थप रु. ३२३२१०।- समेत रु.२८१०३१०।- वायो सर्जरी हव प्रा.लि.बाट खरिद गरी खर्च गरेको छ । उक्त उपकरण जिल्ला अस्पतालमा हस्तान्तरण गरेतापनि पूर्वाधार संरचना र जनशक्तीको अभावमा सेवमा उपयोग हुने सकेको पाइएन । प्राप्त सम्पत्तीको समुचित उपयोगद्वारा सेवा सुरुवात गर्नुपर्दछ । उपकरण परिचालन गर्न जशक्तीलाई तालिम समेत आपूर्तकले दिनुपर्नेमा पालिकाको लागत परेको छ । आश्विन ५ महिना सम्म उपयोगमा आउन नसक्नु उपलब्धीमूलक देखिएन । अर्थात प्रयोग विहिन भएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३८ **पूँजिगतबाट चालू खर्च -** जनप्रतिनिधिको वैशाख देखि आषाढ सम्मको सुविधा झ्याङ्ग खानेपानी योजना र अन्यबाट खर्च लेखेको पाइयो । पूँजिगतबाट चालु बजेट बाँडफाँड सिद्धान्त विपरित निर्णय गरी खर्च गरेको नियमित नदेखिएको रु.

| अनियमित भएको | २१,९०,३१२ |
|---|---|

३९ **अनुदान -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा खर्चपुष्टी गर्ने विल भरपाइ प्रमाण कागजात संलग्न गर्नुपर्दछ । गृनरी बहुउद्देश्य कृषि पशुपंछी तथा मत्स्यपालन फर्म सञ्चालक (शालिक पन्थी) आविश्कार पशुपंछी फर्मबाट लौरा जातको भैंसी २ गोटा प्रतिगोटा रु. ७००००।-को दरले रु. १४००००।- खरिद गरेको जनाइ फर्मको लागि रु. १०००००।- अनुदान निकासा दिएको पाइयो । उक्त फर्मले व्यवसायिक कारोबार नगरेको अवस्थामा २ मध्ये १ भैंसी लंकीस्कीन रोगले मरेको भएको फोनबाट जानकारी भएकाले व्यवसायिक करोबार सुरु नभएको फर्मलाई पशु र मत्स्य पालन योजना समेत नभएकाले उक्त फर्मबाट अनुदान नियमित नदेखिएको रु.

| अनियमित भएको | १,००,००० |
|---|---|

४० **पूँजिगत खर्च -**

४०.१ पालिकाको यो वर्ष रु. २४ करोड २० लाख ६७ हजार बजेट व्यवस्था गरी पूँजिगतमा रु. २० करोड ८५ लाख ७४ हजार खर्च गरेको छ । प्राप्त विवरण अनुसार देहायकमा खरिद प्रकृयाबाट खर्च गरेको देखियो ।

रु. हजार

| खरिद विधि | संख्या | लागत अनुमान | सम्झौता रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| खुला प्रतिस्पर्धा | 22 | 94415 | 73448 | 58694 | 28.14 |
| दरभाउपत्र लिइ सोझै | 5 | 4987 | 4964 | 4955 | 2.37 |

| | | | | | |
|---|---|---|---|---|---|
| उपभोक्ता समितिबाट | 457 | 191270 | 191270 | 97670 | 46.82 |
| पालिका खर्च | 0 | 0 | 0 | 22029 | 10.56 |
| शिलबन्दी दरभाउ | 31 | 25686 | 25364 | 25223 | 12.09 |
| जम्माः 229240212 | 515 | 316358 | 295316 | 208571 | 100 |

माथिको तालिका बमोजिम ४५७ संस्था र उपभोक्तासँग रु.१९१२७००००।- को लागत अनुमान तयार गरी सही बराबरको सम्झौता गरी यो वर्ष रु. ९७६७००००।- भूक्तानी गरी बजेटको ४२.३५ प्रतिशत खर्चको विवरण पेश भएको छ । पूँजिगत शीर्षकमा रु. २०८५७४०००।- खर्च गरेको अवस्था छ । खरिद योजना बमोजिम भएको खर्चको यकिन विवरण पेश नभएकोले विष्लेषण गर्न सकिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

४०.२ कूल ५१५ योजनामध्ये यो वर्ष देहायको विधिबाट खरिद कार्य सम्पन्न भएको विववरण पेश भएको छ । उपभोक्तासँग सम्झौता समयमा सम्पन्न हुनुपर्दछ । सम्पन्न् योजनाको विवरणको अनुगमन समेत गर्नुपर्ने देखिएको छ ।

| कार्यक्रम | सम्पन्न संख्या | लागत अनुमन रु. हजारमा | कबोल रु. हजारमा | खर्च रु. हजारमा |
|---|---|---|---|---|
| सडक वोर्ड | 5 | 4987 | 4964 | 4955 |
| विगतको ठेक्का | 10 | 110744 | 78790 | 55530 |
| सिलबन्दीबाट | 31/43 | 25685 | 25364 | 25223 |

| सैद्धान्तिक बेरुजु |
|---|

४१ **बढी लागत भार -** सार्वजनिक खरिद (बाह्रौ शंसोधन) नियमावली, २०७९ को नियम १० (२) मा स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाले देहायको १० योजनामा बाटो सरसफाइ र मर्मत कार्यमा सवै प्रकारका माटो समेतको लागि सडक विभागको नर्म्स ९.४ मा ३६० घनमिटरका लागि रु. १८२७१.९० बाट हुने प्रतिघमि रु. ५०.७५को ओभरहेड समेत रु. ५८.३६ प्रतिघमिले लागत अमान तयार गरी उपभोक्ता समिति र व्यावसायी मार्फत काम गराउँदा लागत अनुमान भन्दा रु. २९.१३ प्रतिघमिले हुने रु. ३६५६.०४ घमिले रु.२४३६०२०।- र सोको मू.अ.कर समेत रु. २७५३८३३।- बढी व्यय हुनेगरी लागत अनुमान तयार हुँदा पालिकाको काममा व्यय भएको अवस्था छ । स्वीकृत नर्म्स भन्दा बढिमा काम गराउने प्राविधिकले ३६० घमि र २७० घनमिटरको विश्लेषणको गर्दा बढी काम हुनेमा घटी परिमाणबाट काम गराइ व्ययभार बढी पारी खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | २७,५३,८३३ |
|---|---|

**(विस्तृत विवरण बेरूजु दफा ४१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४२ **गर्जुरा पर्यटन पार्क सञ्चान -** पालिकाले ३८।०७७।०७८ मा ठेक्का प्रतिस्पर्धा गराइ रु. ५ करोड ७५ लाख ८३ हजारको मुअकरपिएस बाहेक लागत अनुमान गराइ प्रतिष्पर्धाबाट रु. ४ करोड ७० लाख १ हजारमा धुलिखेल अर्जुन न्यू लिजा जेभिसँग सम्झौता गरी ८.०५ प्रतिशत भेरिएशन समेत प्रथम, दोस्रो र तेस्रो विलसम्म रु. २९३९५९६५।- पिएस बाहेक भूक्तानी गरी बाँकी बजेट व्यवस्था गरी भूक्तानि हुन नसक्दा पार्क हस्तान्तरण गरी सञ्चालनमा आउन सकेको दखिएन । निर्मित सञ्चालनबाट दैनिक आउने आय समेत क्षति भएको अवस्था छ । सम्झौता बमोजिम दायित्व पूरा गरी निर्मित संरचना उपयोगबाट आय बढाउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४३ **रकमान्तर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको सीमाभित्र २५% नबढाइ खर्च गर्न सक्ने व्यवस्था छ । पूँजिगत शीर्षक वा कार्यक्रम शीर्षकबाट चालु उपयोग शीर्षकमा गर्न पाउने व्यवस्था दिखएन । पालिकाले २०८०।३ बाट पदिधकारीको ३ महिनाको पदाधिकारी सुविधा पूँजिगतको कार्यक्रम शीर्षक लोकसेवा, वन अनुगमन, आमासँग पोषण, मौरी प्रवर्द्धन, खेलकुद र क्याम्पस अनुदान कार्यक्रमबाट रु. ३६४२०००।- मध्ये रु. १४५१६८८।- कार्यक्रमबाट खर्च लेखेकोमा रकमान्तर नगरेको हुँदा नियमित गर्नुपर्ने रु.

| अनियमित भएको | १४,५१,६८८ |
|---|---|

४४ **बढी लागत अनुमान -** सार्वजनिक खरिद (बाह्रौ शंसोधन) नियमावली, २०७९ को नियम १० (४) दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्दछ । मिति २०७९।३१ को जिल्ला दररेट समितिको अन्त्यपृष्ठमा प्रचलित बजारभाउ, अधिकृत विक्रेता आधिकारिक न्यूनतम दररेटलाई दररेट कायम गर्ने जिल्ला दररेट र आधिकारिक दररेट जुन स्वयं हुन्छ सोही दररेट प्रयोग गर्नुपर्ने छ । खानीक्षेत्र र खोलाक्षेत्रमा उल्लेखित दरमा ढुवानी समावेश गरी दर विश्लेषण गरेको छ । खानी र खोला क्षेत्रमा संकलन मूल्य मेशिन र उपकरण गरेको मूल्याङ्कन नगरी जिल्ला दररेटमा ढुवानी जोडेको, अन्य पालिकामा ढुवानी समावेश नगरी काम गराएको ढुवानी दिनुको औचित्य देखिएन । स्थानीय निर्माण सामाग्रीमा देहायको काममा ढुवानीले महङ्गो परेको छ । ढुवानी नदिइ जिल्ला दररेटको आधारमा लागत अनुमान तयार गर्दा रु. ९५६१६५०।- बचत हुने हुँदा बढि व्ययभार परी खर्च गरेको रु. ९५६१६५०।- देखिएको छ ।

| योजना संख्या | कामको प्रगति | इकाइ | परिमाण | स्थायी सामान | प्रतिघमी ढुवानी | जम्मा घमि |
|---|---|---|---|---|---|---|
| 6 | इटाको काम | घ.मि. | 204.44 | बालुवा | 1172 | 297257.28 |
| 12 | ढुङ्गाको गारो | घ.मि. | 832.1 | ढुङ्गा बालुवा | 3500 | 2912350 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 16 | ढुङ्गा विछ्याउने | घ.मि. | 1057.6 | ढुङ्गा | 2016 | 2132061.12 |
| 2 | ग्यायविन विछ्याउने | घ.मि. | 222.5 | ढुङ्गा | 2016 | 448560 |
| 5 | कङ्क्रीट कार्य 1:1:5:3 | घ.मि. | 185.7 | गिटी/बालुवा | 2795.7 | 519155 |
| 16 | 1:02:03 | घ.मि. | 1137.5 | गिटी/बालुवा | 2859 | 3252226.85 |
| 57 | | | | | जम्मा | 9561610.3 |

माथिको तालिकामा खानी क्षेत्रबाट ढुङ्गा गिट्टी संकलन नर्म्स अनुसार गरी ढुवानी गर्दा लाग्ने तलुलना गरी विकासलाई विस्तार गर्नुपर्छ । बालुवा रिडिखोलाको लामो दुरी पर्ने हुँदा बढीगार्ड र पनाहा खोलाको न्यून गर्न सकिने स्थिति छ ।

सैद्धान्तिक बेरुजु

४५ **लागत अनुमान** - सार्वजनिक खरिद (बाह्रौ संसोधन) नियमावली, २०७९ को नियम १० को (२ र ४) मा नर्म्स र जिल्ला दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । ढुङ्गा गारोमा ज्याला ९ दिन हुनुपर्नेमा १४ दिन, बालुवाको मूल्य रु. १७००।- हुनुपर्नेमा सो भन्दा बढि हुँदा लागत अनुमान बढी भइ दायित्व वा व्ययभार हुने भएकोले खर्च नियन्त्रण हुनुपर्दछ ।

- माथिको तालिका बमोजिम २०४.४४ घनमिटर इटाको गारोको काम गरेको देखिन्छ । प्रतिघनमिटर इटा संख्या ५६० को दरले प्रतिगोटा रु. २२ जिल्ला दरले २०४.७४ घनमिटरको लागि मुअकर समेत रु. २९७५५०१।- इटा खरिदको लागत अनुमान तयार गरी खर्च गरेको देखियो । पालिकामा तराइको इटा रु. १२ मा खरिद गरेको उपभोक्ताको विलमा देखिन्छ । पालिकाले १ घनमिटर कामको लागि उपयोग भएको वास्तविक मरिमाण यकिन गरेको छैन । अभ्यास वा व्यावहारमा इटा ३७६ वा ४१० वा ४४० समेत पालिकाबाट अन्यत्र नर्म्स निर्धारण गरेको हुँदा पालिकाले इटाको आकार र वास्तविक नजिक हुनेगरी मापदण्ड निर्धारण गरी खर्च मितव्ययी गर्नुपर्दछ ।
- सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ४५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४६ **एक घर एक धारा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५ मा खर्चपुष्टी गर्ने विल भरपाइ प्रमाण कागजात राख्नु पर्छ । सिप्नेखोला भूवनपानी वृहत खानेपानी योजना वडा नं. ५ मा मुअकरद बाहेक ६३८२०००।- लागत तयार गरी रु. ६०४५०००।- असिम आकृति निर्माण सेवालाई आयोजनाको सामान आपूर्ति रु. ६३६९०६४।- भूक्तानी गरेको पाइयो । ३८० घरपरिवारको लागि धारा र पानी मिटर लगायतको सामान उपभोक्तालाई हस्तान्तरण गरेको छ । उक्त सामान जडान नभएकोले पानी वितरण हुन सकेको देखिएन । उपभोक्तालाई हस्तान्तरण गरेको आधारमा खर्च लेख्नु उचित

भएन । पानीमिटर र धारा सेट १७००।- को दरले हुने रु. ६४६०००।- समेत निजी धारा निर्माण प्रतिधार रु. ८०००।- को दरले हुने रु. ३०४००००।- निजी घरमा अनुदान दिनु नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३०,४०,००० |

४७ **बढी असूली** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९ (५) मा खर्च प्रमाणित हुने विल भरपाइ अभिलेख राखुपर्दछ । भाडगाउ शिवालय मन्दिर प्रवर्द्धन अन्तरगत छिनाले कुदेको गारो लगाउने काम ५.७५ घमिको प्रतिघमि रु. १०७२६१।२८ को दरले रु. ६१७१८१ समेत रु. १७६७१२६।- मूल्याङ्कन गरी खर्च लेखेको छ । ढुङ्गा ढुवानी ५४००।- र ढुङ्गाको मूल्य १७६० समेत ७१६० घमि र उर्जा र आधुनिक मेशिन भएको अवस्थामा परम्परागत मेशन १ घमिको लागि ७१ जना व्यक्तिलाई १२६०।- को दरले रु. ८९४६०।- समेतबाट रु. १०७२६१।- गरेकोले कूलकाम ५.७५ घमिको उपकरण प्रयोग गरी उपयोग गरेको अवस्थामा आकार दिने कामको लागि बढी ज्याला प्रतिघमि २१५२१।२८ को दरले खर्च लेखुपर्नेमा रु. १०७२६१.२८ दरले मूल्याङ्कन गर्दा प्रतिघमि रु. ८५६८०।- को दरले हुने ५.७५ घमिको रु. ४९२६६०।- बढि मूल्याङ्कन गरी खर्च गरेको गरी असूली गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९२,६६० |

४८ **बजेट वितरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा स्थानीय हतमा प्राप्त हुने आन्तरिक राजश्व बाँडफाँड अनुदान ग्रहण र अन्य आयको प्रक्षेपण गरी सन्तुलित वितरणको खाका र बजेट सीमा न्यायिक हुनेगरि गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडागत बजेट वितरण गर्दा जनसंख्या, क्षेत्रफल, दुरी र विकटताको भारको आधरामा न्यूनतम अनुदान वडागत रुपमा रु. १४८००००।- र न्यायोचित अनुदान थप गरी प्रतिवडा रु. १६८७०००।- देखि रु. २१३००००।- समेतको बजेट वितरण गरेको छ । बजेट खर्च यथार्थ र आवश्यकताको आधारमा न्यायिक र यथार्थपरक बाँडफाँड हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४९ **अनुगमन भत्ता** - नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका बमोजिक कार्यालयको नियमित कार्यको वैठकमा र अनुगमनमा मूल्याङ्कन वातप भत्ता लिन पाउने देखिदैन । पालिकाको १ जनप्रतिनिध सहित १८ कर्मचारी ३ देखि २८ वैठक सम्मको अनुगमन र वैठकभत्ता प्रतिव्यक्ति प्रतिवैठक र अनुगमनको रु. १०००।- को दरले रु. ३३६०००।- खर्च लेखेको पाइयो । सो सुविधा जनप्रतिनिधिले सुविधा अलग पाउनेमा रु. २८०००।- थप लिएको र नियमित कामको लागि थप अनुगमन वैठक भत्ता पाउने स्पष्ट कारण आधार र थप सुविधाको औचित्यता स्पष्ट गरी नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ३,३६,००० |

५० **डिपीआर खर्च -** आयोजनाको स्रोत सुनिश्चितता भइ बजेट व्यवस्था भएको आयोजनाको गुरुयोजना सहित विष्तृत प्रतिवेदन तयार गर्नुपर्छ । देहायका परामर्शदाता फर्मबाट प्रतिवेदन प्राप्त गर्दा, लागतको आधारमा प्राविधिक जनशक्तिको प्रयोग समय तालिका स्वयं आफ्नो स्रोत संकलन गराइ, गुणस्तर लगायत लागत समेत मितव्ययी हुने गरी स्रोत साधन परिचालन गर्नुपर्छ । परामर्श कार्यमा स्रोत उपयोगको मापदण्ड तयार नगरी देहायको काम गराइ रु. २६३२५३२।- खर्च गरेको छ ।

| भौ.नं. | मिति | कामको विवरण | परामर्श दाता | खर्च |
|---|---|---|---|---|
| ४७० | ०८०।२।२३ | | माप नेपाल इन्जिनियरिङ | 1485385 |
| ४९२ | ०८०।३।२४ | पर्यटन वित्त चित्र | वास्तु मिल्य आर्किटेक | 247147 |
| १ | ०८०।३।२४ | क्षमता विकास | सार्प अनुसन्धान केन्द्र | 450000 |
| ३ | ०८०।३।२४ | राजश्व सुधार | इन्ट्रीगेटेड स्टडी | 450000 |
| | | | जम्मा | 2632532 |

सैद्धान्तिक बेरुजु

५१ **नागरिक आवास -** शहरी विकास तथा भवन निर्माण विभागको सुरक्षित नागरिक आवासद्वारा ग्रामिण खरको छाना मुक्त गर्न २५२ घरधुरी छनौट भएकोमा ८६ परिवारले निर्माण गरेको भनी प्राविधिक मूल्याङ्कन र फोटो नराखि शिफारिसको आधारमा निकासा गरी रु. ६४५००००।- खर्च लेखेको छ ।

• पालिकाले २५३ घरपारिवारको लागि रु. १८६७५०००।- र मनसुनजन्य पालिकाका जनताको हितको लागि १०३ व्यक्तीको लागि २०९ वण्डल प्रतिवण्डल रु. १३२००।- दरले रु. २७५८८००।- समेत जम्मा रु. २३०९२३००।- एउटै प्रकृतिको काममा वितरण गरेको हुँदा वडा र पालिकाबाट हुने कार्यक्रम एकीकृत र संयोजित रुपमा आवश्यकता र प्राथमिकता आधारमा सामान र सेवा दिनुपर्दछ । दोहोरो पर्ने अनुगमन गरी जीवनस्तर सुधार भएको स्थिती खुलाउनु पर्ने देखिन्छ । नागरिक आवासको विविध मापदण्डलाई एकरुपता दिन जरुरी छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५२ **नापी किताब भन्दा बढी भूक्तानी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ (५) मा विल भरपाइ सहितको अभिलेख राखु पर्ने व्यवस्था छ । फलामे डण्डीको काममा देहायको माविमा भएको काममा नापी किताबमा नापभन्दा बढी हुनेगरी ल्याप्स र चेयर्सको थप भूक्तानी नपाउने हुँदा असूल गर्नुपर्ने रु.

| विद्यालयको नाम | फलामे डण्डीको परिमाण | दिनुपर्ने केजी | दिएको केजी | दर | बढी रु. |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| त्रिभुवन मा.वि. | 9150 | 8741 | 9150 | 144.48 | 59092 |
| जनविकास मा.वि. | 7805 | 7433 | 7805 | 144.48 | 53747 |
| जम्मा | 16955 | 16174 | 16955 | | 112839 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१२,८३९ |

५३ **विल भरपाइ -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा खर्चपुष्टी गर्ने विल भरपाइ प्रमाण कागजात संलग्न हुनुपर्दछ । तम्घास वजारमा अर्जुन विल्डर्सद्वारा ११ मिटरको पोल खरिद र जडान वापत रु. ९७११५९।- भूक्तानि गरेको पाइयो ११ पोल प्रतिपोलद रु. २८८००।-ले खरिद गरी ५३ पोल जडानमा रु. ९७११५६।- र जडान २९.८४ घनमिटरको प्रतिघमि रु. १३६५०।- को दरले हुने रु.१६१६९३०।- प्राप्ति र जडान रु. ४०७३३०।- दोहोरो परेको मूल्याङ्कनमा नखुलाएकोले कूल मूल्यमङ्कन गरी अन्यत्र स्रोतको कामको नापी किताव तथा सम्झौता पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०७,३३० |

५४ **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा उपयोगिता सृजना हुने प्रतिफल दिने कार्यक्रम हुनुपर्द । पालिकाले देहायको अनुत्पादक खर्चमा लगानि भएको अवस्था पाईयो । सो अवस्थामा सुधार हुनुपर्छ ।

| भौ.नं. | मिति | काम/सामान | रकम |
|---|---|---|---|
| १६ | ०७९।६।३१ | बालक्लब पोषण वितरण | ५०००० |
| ५० | ०७९।९।१ | आगलागी राहत | ३०००० |
| १२५ | ०७९।१०।१० | ब्याडमिन्ट खेल | ६०००० |
| ८३ | ०७९।१०।२९ | ८० वर्षमाथिको लागि ब्लाङ्केट र चवनप्रास वितरण | १०६००० |
| ७३, २६५ | २०८०।३।२२ | इलेक्ट्रिक इन्फ्रारेड | ९९९०४० |
| २७,३१ | ०८०।३।१३ | चुलो ३८ थान र त्रिपाल जस्ता पाता | २९५००० |
| | | जम्मा | १५४००४० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५५ **पूरानो संरचना** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ (५) मा विल भरपाइ सहितको अभिलेख राख्नु पर्ने व्यवस्था छ । जनविकास मावि २ कोठे भवन निर्माणमा रु. ५५लाख ४५ हजारको लागतबाट रु. ५४ लाख १५ हजार वरावरको काम गरी खर्च गरेको पाइयो । ढुङ्गाको गारो ४८.३४ प्रतिघमि रु. १३६५२ को दरले रु. ६५९९५१।- खर्च लेखेको छ । पूरानो संरचना भत्काउँदा प्राप्त हुने ढुङ्गा ६०.५० घमिबाट प्राप्त ढुङ्गा ७०% ले हुने ४२.३५ प्रतिघमिको रु. ३०८० पुनः प्रयोग गरी लागत घटाउनु पर्नेमा दोहोरो हुनेगरी मूल्याङ्कन गरेकोले रु. १३०४८०।- दोहोरो परे नपरेको यकिन हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३०,४८० |

५६ **सम्पत्ति कर संभावना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ मा बमोजिम घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाइ बाँकी जमिनमा भूमिकर लगाउनु पउने व्यवस्था छ । घरको आकार प्रकार बनौट र उपयोग चलनचल्तिको मूल्य र छासमूल्य, व्यापारिक र आवसीय उपयोग, जनताको आर्थिक र जिनवस्तरमा तिर्ने क्षमताको आधारमा निर्धारण गर्नुपर्छ । पालिकाभित्र घर परिवार ९०७५ को घर र घरले चर्चेको अधिकतम जग्गा सम्पत्ति भएको दायरामा समेटी रु. ३४१२२९५।- असूली गर्न सकिनेमा रु. १३३९०३४।- असूली भएकाले विनाकर नगर सेवा वितरण गर्नु उचित भएन । कार्ययोजना बमोजिम सम्पत्ति कर लगाइ असूल गर्नुपर्दछ ।

| सम्पत्तिको मूल्य | करदाता संख्या | औसत कर | संकलन |
|---|---|---|---|
| १००००१-३०००००‌ | ३३८२ | ७५ | २५३६५० |
| ३००००१-६००००० | १८२१ | ११५ | २०९४१५ |
| ६००००१-७००००० | १०९० | १६० | १७४४०० |
| ७००००१-१०००००० | ९१० | ७५० | ६८२५०० |
| १००००००१-२०००००० | ७३० | ५१० | ३७२३०० |
| २००००००१-३०००००० | ५३० | १११५ | ५९०९५० |
| ३००००००१-४०००००० | २८० | १७१५ | ४८०२०० |
| ४००००००१-६०००००० | २०२ | २१६५ | ४३७३३० |
| ६००००००१-१००००००००० | ५० | २७६५ | १३८२५० |
| १०००००००० माथि | २० | ३६६५ | ७३२०० |
| जम्मा | ९०१५ | | ३४१२१९५ |

माथिको तालिकाको विश्लेषण गर्दा रु. ३४ लाख १२ हजार असूल गर्न सक्ने अध्ययन भएतापनि २०७९।०८० मा रु. १५१०६६।- र ०७८।०७९ मा रु. २३३९०३४।- गरी जम्मा असूल गरेको पाइयो । असूली बाँकी भूमी कर र सम्पत्तिकरको लगत अद्यावधिक नगरेकोले उठाउनुपर्ने राजश्व समेत यकिन हुन सकिएन ।

सैद्धान्तिक बेरुजु

**अनुसूचीहरू**

**अनुसूची - १**

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७९/८० -

कार्यालय र स्थान : रेसुङ्गा नगरपालिका, गुल्मी , रेसुंगा नगरपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bhaktiram Marasini | २०७६-६-१६ | २०७९-४-३१ |
| कार्यालय प्रमुख | हरि प्रसाद अर्याल | २०७९-५-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विन्दु पन्थी | २०७९-५-३१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,८०३,७८८ | १६,७२०,४९० | १०,४९२,७१७ | ० | ० | ५६३,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३०,५७९,९९५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३०,५७९,९९५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २८७०४७२५ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४४७२६५६९५ | चालु खर्च | ३९५०५१३८३ |
| प्रदेश सरकारबाट अनुदान | ३९६४९३८१ | पूँजीगत खर्च | २०८५७४७१७ |
| राजश्व बाँडफाँट | ९०३८०६६६ | वित्तीय/अन्य व्यवस्था | १८७४८९५९० |
| आन्तरिक आय | २०६०३५१० | | |
| अन्य आय | १६९८५१५०६ | | |
| कुल आय | ७६७७५०७५८ | कुल खर्च | ७९१११५६९० |
| बाँकी मौज्दात | | ५३३९७९३.० | |

बेरूजु दफा १६.२ सँग सम्बन्धित विवरण - अनुसूची -४

| Social Assistance Type Name | Ward No. | Personal Id | Member Name | Gender | Birth Date BS | Citizen No. | Bank Account Number | DP Amount |
|---|---|---|---|---|---|---|---|---|
| Senior citizen’s allowance-Others | 6 | 2007022401312 | JIT BAHADUR GURUNG | MALE | 24-2-2007 | 335 | 1050182231100019 | 48000 |
| Senior citizen’s allowance-Others | 6 | 2004020201455 | SHOVAKHAR UPADHYAY MARASINI | MALE | 2-2-2004 | 335 | 1050096448300011 | 48000 |
| Senior citizen’s allowance-Dalit | 6 | 2015060500747 | DALLE SARKI | MALE | 5-6-2015 | 335 | 1050137228300011 | 31920 |
| Senior citizen’s allowance-Others | 6 | 1986071600133 | MAN BAHADUR PUN MAGAR | MALE | 16-7-1986 | 356 | 1050096448600011 | 48000 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Senior citizen's allowance-Others | 6 | 2011021501999 | MAN BAHADUR SARKI | MALE | 15-2-2011 | 356 | 1050096458000012 | 48000 |
| Senior citizen's allowance-Others | 6 | 2011010401425 | HARI KALA SUNAR | FEMALE | 4-1-2011 | 372 | 1050096457200012 | 48000 |
| Senior citizen's allowance-Others | 6 | 2002011007337 | HARIKALA POKHAREL | FEMALE | 10-1-2002 | 372 | 1050096450900011 | 48000 |
| Senior citizen's allowance-Others | 6 | 1991111500699 | MANJIT SUNAR KAMI | MALE | 15-11-1991 | 375 | 1050096459100011 | 48000 |
| Senior citizen's allowance-Others | 6 | 2010021205742 | PARASHWOR JOGI KUNWAR | MALE | 12-02-2010 | 375 | 1050213649700017 | 32000 |
| Senior citizen's allowance-Others | 6 | 1996081001804 | JANARDAN ADHIKARI | MALE | 10-8-1996 | 378 | 1050096447800011 | 48000 |
| Senior citizen's allowance-Others | 6 | 2000030801789 | LOK BAHADUR BASNET | MALE | 8-3-2000 | 378 | 1050096447600012 | 48000 |
| Senior citizen's allowance-Others | 6 | 2005051004866 | KHIM BAHADUR BASNET | MALE | 10-5-2005 | 382 | 1050122895400011 | 48000 |
| Senior Citizen's Single women's | 6 | 2012011005116 | JAMUNA DEVI THAPA MAGAR | FEMALE | 10-1-2012 | 382 | 1050150886500010 | 31920 |
| Senior citizen's allowance-Others | 6 | 2004100800739 | DURPATA MAGAR | FEMALE | 8-10-2004 | 4794 | 1050096461000014 | 48000 |
| Senior citizen's allowance-Dalit | 6 | 2018012401527 | RAM BAHADUR SUNAR | MALE | 24-01-2018 | 4794 | 1050208014600016 | 31920 |
| Senior citizen's allowance-Others | 6 | 2005051201322 | GUN BAHADUR BUDATHOKI | MALE | 12-2-2005 | 4802 | 1050109904100011 | 48000 |
| Widow | 6 | 2019122500182 | KUMARI MARASINI | FEMALE | 25-12-2019 | 4802 | 1050096460700012 | 31920 |
| Senior citizen's allowance-Others | 6 | 2006012400923 | MOTI MARASINI | FEMALE | 24-1-2006 | 4871 | 1050151948000011 | 48000 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Senior citizen’s allowance-Others | 6 | 2011020902867 | SUMITRA ADHIKARI | FEMALE | 09-02-2011 | 4871 | 1050213730700018 | 32000 |
| Senior citizen’s allowance-Others | 6 | 2001081202133 | DEUKALA GURUNG | FEMALE | 12-8-2001 | 496-045 | 1050096453100019 | 48000 |
| Senior citizen’s allowance-Others | 6 | 1997051004337 | THAGI B.K. | FEMALE | 10-5-1997 | 496-045 | 1050096449400011 | 48000 |
| Senior citizen’s allowance-Others | 10 | 2010021502395 | DIL BAHADUR DAMAI | MALE | 15-2-2010 | 105 | 1050105198200011 | 48000 |
| Widow | 10 | 2029011500733 | SUMITRA JOGI KUNWAR | FEMALE | 15-1-2029 | 105 | 1050100725100011 | 31920 |
| Senior citizen’s allowance-Others | 10 | 2008051401678 | INDRAKALA BASNET | FEMALE | 14-05-2008 | 88 | 1050187506100015 | 48000 |
| Senior citizen’s allowance-Others | 10 | 2005011006688 | SUMITRA PANDEY | FEMALE | 10-1-2005 | 88 | 1050106924500011 | 48000 |
| Senior citizen’s allowance-Others | 14 | 2008041303273 | Toynath Pokharel | MALE | 13-04-2008 | 2632 | 1050210374100013 | 48000 |
| Full Disability | 14 | 2017081000681 | BHOJ BAHADUR RAJALI | MALE | 10-8-2017 | 2632 | 1050096008900012 | 47880 |
| Senior citizen’s allowance-Others | 14 | 1992030300419 | HARIKALA SURYABANSHI | FEMALE | 3-3-1992 | 3813 | 1050095984400011 | 48000 |
| Senior citizen’s allowance-Others | 14 | 2003040400659 | OMKALA SURYABANSHI | FEMALE | 4-4-2003 | 3813 | 1050095983100019 | 48000 |
| Senior citizen’s allowance-Others | 14 | 1976041400086 | TILCHANA SUNAR | FEMALE | 14-4-1976 | 4146 | 1050095986200011 | 48000 |
| Widow | 14 | 2020041800802 | SHIBA RAKASH | FEMALE | 18-4-2020 | 4146 | 1050176745000019 | 31920 |
| Senior citizen’s allowance-Others | 14 | 2006113002336 | KESHAV PRASAD POKHAREL | MALE | 30-11-2006 | 644 | 1050156426300010 | 48000 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Senior citizen’s allowance-Others | 14 | 2010051205794 | Kul Bahadur Rajali | MALE | 12-05-2010 | 644 | 1050215521400015 | 32000 |
| Senior citizen’s allowance-Others | 14 | 2005041003119 | ATIKALA GHARTI | FEMALE | 10-4-2005 | 91 | 1050115344400011 | 48000 |
| Senior citizen’s allowance-Others | 14 | 1984071800076 | CHANDRA BAHADUR SOMAI | MALE | 18-7-1984 | 91 | 1050095987000012 | 48000 |
| | | | | | | | Total | 1535400 |

**बेरूजु दफा ४१ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| भौ.नं. | मिति | रकम | व्यवसयी | सरसफाई/बाटो मर्मत | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २६ | ०७९।७।२१ | 986704 | वि एण्ड डी | वडा नं. ३,५,७ | 10054 | 86.85 | 873189 |
| २९ | ०७९।७।२२ | 988412 | असिम आकृत | वडा नं. १४ | 10042 | 87.1 | 874701 |
| ३० | ०७९।७।२२ | 814754 | पुष्पान्जली | वडा नं. ३ र ४ | 8277.5 | 87 | 721022 |
| ३४ | ०७९।७।२१ | 496531 | रेसुङ्गा ग्यारेज | वडा नं. ५ र ७ | 5051.2 | 87 | 439408 |
| ४१ | ०७९।८।२० | 1322966 | पुष्पान्जली | सेस्मी-भुस्खाता | 6613.9 | 90 | 595251 |
| ६२ | ०७९।९।८ | 604000 | बसुरी नि सेवा | वडा नं. १२ र १३ | 6464 | 87 | 562368 |
| १०५ | ०७९।१०।२५ | 1925666 | डेन्टल बिल्डर्स | वडा नं. ४ | 9271.5 | 170 | 1652668 |
| २५० | ०७९।१२।३० | 1718754 | श्यामसरण बिल्डर्स | सिमाघाट छल्दी | 11475 | 110 | 1262250 |
| ३ | ०७९।८।२५ | 994508 | मनिस बिल्डर्स | विभिन्न पहिरो | 10069.7 | 87.4 | 880096 |
| १५ | ०७९।११।१४ | 905000 | प्रकाश नि सेवा | विभिन्न पहिरो | 6307.24 | 86.5 | 551804 |
| | जम्मा | 10757295 | | | 83626.04 | | 8412757 |

**बेरूजु दफा ४५ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| भौ.नं. | मिति | रकम | व्यवसायी | कङक्रिट | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Soils | Stone wall | Birck | Gabin | M15 | M20 |
| 4 | 079/6/11 | 99454 | न्यूनत नि.से. | 48.3 | 0 | 0 | 0 | 43.58 | 0 |
| 5 | 079/6/11 | 795115 | सिसाइन नि.से. | 43.21 | 0 | 0 | 0 | 43.21 | 0 |
| 7 | 079/6/12 | 1320153 | नाइजल नि.से. | 244.87 | 0 | 0 | 0 | 204.04 | 0 |
| 8 | 079/6/13 | 744791 | नाइजल नि.से. | 45 | 0 | 0 | 0 | 45.3 | 0 |
| 9 | 079/6/13 | 1320578 | वेष्टर्न पपुलर नि.से. | 63.39 | 39.42 | 0 | 0 | 52.05 | 0 |
| 10 | 079/6/13 | 988249 | सन्तोष नि.से. | 55.69 | 0 | 0 | 0 | 44.42 | 0 |
| 11 | 079/6/13 | 987464 | बरपिपल नि.से. | 54.2 | 0 | 0 | 0 | 44.93 | 0 |
| 13 | 079/6/13 | 1627816 | पुष्पाञ्जली नि.से. | 51.72 | 0 | 0 | 0 | 117.82 | 0 |
| 20 | 079/7/23 | 1254827 | सुस्मा एण्ड सृष्टी | 0 | 84.2 | 0 | 108 | 0 | 0 |
| 49 | 079/8/28 | 1993570 | जोगम विड | 53.5 | 0 | 0 | 0 | 44.62 | 0 |
| 41 | 079/8/20 | 1322933 | पुष्पाञ्जली | 53.55 | 0 | 0 | 114.5 | 0 | 0 |
| 35 | 079/9/13 | 1032215 | सुष्माक रिमा | 0 | 133.8 | 0 | 0 | 0 | 0 |
| 68 | 079/9/20 | 0 | खड्गदेवी | 143.92 | 0 | 0 | 0 | 119.1 | 0 |
| 75 | 079/9/28 | 1748944 | वि एण्ड डी | 55.3 | 88.8 | 0 | 0 | 87.7 | 0 |
| 77 | 079/9/29 | 2017972 | बोष्टर्न पपुलर्स | 37.5 | 41.3 | 0 | 0 | 101 | 0 |
| 89 | 079/9/29 | 1792645 | सुष्माक रिमा | 0 | 24.38 | 0 | 0 | 34.6 | 0 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 85 | 079/10/11 | 3337412 | उस | 51.92 | 174.7 | 0 | 0 | 98 | 0 |
| 130 | 079/11/2 | 1664193 | उस भाडगाउ | 35 | 65.8 | 0 | 0 | 0 | 24.69 |
| 488 | 0803/24 | 2286732 | उस शिवालय | 20.5 | 65.88 | 0 | 0 | 0 | 24.97 |
| 12 | 079/10/13 | 176560 | यात्रा नि.से. | 0 | 0 | 45.01 | 0 | 0 | 0 |
| 31 | 080/1/15 | 2339729 | त्रिभुवन उस | 0 | 41.34 | 0 | 0 | 0 | 0 |
| 32 | 080/1/15 | 2015246 | जनता वि उस | 0 | 27.33 | 0 | 0 | 27.1 | 29.26 |
| 52 | 0803/17 | 1761589 | जनविकास | 0 | 0 | 27.45 | 0 | 29.36 | 0 |
| 64 | 080/3/21 | 1638704 | जनविकास | 0 | 0 | 9.31 | 0 | 0 | 0 |
| 65 | 080/3/22 | 3064361 | त्रिभुवन मावि | 0 | 0 | 33.28 | 0 | 0 | 34.35 |
| 84 | 0803/24 | 5426759 | महेन्द्र मावि | 0 | 0 | 48.53 | 0 | 0 | 72.19 |
| 87 | 080/3/24 | 5415294 | जनसन्ध्या | 0 | 0 | 40.85 | 0 | 0 | 0 |
| 30 | 079/12/17 | 847401 | खड्गदेवी | 0 | 45.08 | 0 | 0 | 0 | 0 |
| | | | जम्मा | 1057.6 | 832.03 | 204.43 | 222.5 | 1136.8 | 185.46 |

**बेरूजु दफा ५१ सँग सम्बन्धित विवरण - अनुसूची -७**

| वडा नं. | घरपरिवार संख्या | कूल जनसंख्या | संख्या | नागरिक आवास | संख्या | मनसुनजन्य विपद् घर निर्माण | २०९ वण्डल प्रतिवण्डल १३२०० दरले रु. २७५८८०।- १०३ |
|---|---|---|---|---|---|---|---|
| 1. | 1311 | 4220 | 0 | 0 | 1 | 63750 | |
| 2. | 1031 | 3556 | 1 | 75000 | 2 | 127500 | |
| 3. | 374 | 1321 | 26 | 1950000 | 3 | 146250 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 4. | 508 | 1946 | 39 | 2925000 | 4 | 165000 | जना नागरिकलाई वितरण |
| 5. | 358 | 1273 | 47 | 3225000 | 1 | 63750 | |
| 6. | 449 | 1544 | 49 | 3675000 | 3 | 168750 | |
| 7. | 491 | 1906 | 0 | 0 | 0 | 0 | |
| 8. | 1313 | 4283 | 3 | 225000 | 2 | 82500 | |
| 9. | 591 | 2058 | 3 | 225000 | 1 | 42250 | |
| 10. | 842 | 3054 | 22 | 1650000 | 5 | 296250 | |
| 11. | 396 | 1394 | 3 | 225000 | 0 | 0 | |
| 12. | 420 | 1700 | 7 | 525000 | 2 | 105000 | |
| 13. | 215 | 720 | 0 | 0 | 0 | 0 | |
| 14. | 716 | 2526 | 53 | 3975000 | 8 | 397500 | |
| जम्मा | 9015 | 31501 | 253 | 18675000 | 32 | 1658500 | 2758800 |